विधेयक संख्याः

# राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक

२०७८

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं ।

# उद्देश्य र कारण

आर्थिक वर्ष २०७८/०७९ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउने सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको र अध्यादेश जारी हुँदाका बखत सङ्घीय संसदको अधिवेशन नभएकोले "राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको अध्यादेश, २०७८" जारी भएको हो।

उक्त अध्यादेश नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (क) बमोजिम सङ्घीय संसदमा पेश भई स्वीकृत भइसकेकोले सो अध्यादेशलाई प्रतिस्थापन गर्न तर्जुमा गरिएको यो "राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक" प्रस्तुत गरेको छु।

प्रस्तुत विधेयकले आर्थिक वर्ष २०७८/०७९ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७८/०७९ को अन्त्यमा अधिविकर्ष बापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा विधेयकमा प्रस्तावित रकममा नबढ्ने गरी राष्ट्र ऋण उठाउन सक्ने व्यवस्था गरेको छ।

**जनार्दन शर्मा 'प्रभाकर'**
**अर्थ मन्त्री**

# राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आर्थिक वर्ष २०७८/०७९ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **राष्ट्र ऋण उठाउने अधिकार:** (१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७८/०७९ को अन्त्यमा अधिविकर्ष बापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रू.२,३९,००,००,००,०००।- (अक्षरेपी दुई खर्ब उनान्चालीस अर्ब) मा नबढ्ने गरी राष्ट्र ऋण उठाउन सक्नेछ।

तर त्यसरी उठाइने राष्ट्र ऋण रकममा नेपाल सरकारले प्रचलित कानून बमोजिम लिन पाउने अधिविकर्ष रकम समावेश हुने छैन।

(२) नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कलाई आर्थिक वर्ष २०७८/०७९ सम्मको तिर्न बाँकी अधिविकर्षलाई ट्रेजरी बिलमा परिणत गर्न सो बैङ्कलाई स्वीकृति दिन सक्नेछ।

(३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋणको साँवा ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ बमोजिम हुनेछ।